जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६९ | २०८३ साल जेठ ०१ गते शुक्रवार | Friday-15-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## निरन्तर बजार अनुगमन : बिहीबार पाँच व्यवसायमा निरीक्षण, उपभोक्ता ऐन पालना गर्न निर्देशन

***शु.आ. सम्बाददाता***
***बारा, ३१ वैशाख***

जिल्ला प्रशासन कार्यालय बारा नेतृत्वको संयुक्त बजार अनुगमन टोलीले बिहीबार जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा विभिन्न खाद्य तथा किराना व्यवसायहरूको अनुगमन गरेको छ । उपभोक्ताको स्वास्थ्य, खाद्य गुणस्तर तथा बजार अनुशासन कायम गर्ने उद्देश्यले गरिएको अनुगमनमा अधिकांश व्यवसायलाई उपभोक्ता संरक्षण ऐनअनुसार सञ्चालन गर्न सामान्य निर्देशन दिइएको जनाइएको छ।

अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय बारा, घरेलु तथा साना उद्योग कार्यालय बारा, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज, गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्ज, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय वीरगञ्ज, इलाका प्रहरी कार्यालय कोहल्बी तथा उपभोक्ता हित संरक्षण मञ्च बाराका प्रतिनिधिहरू सहभागी रहेका थिए।

टोलीले जीतपुरसिमरा उपमहानगरपालिका-६ र ७ क्षेत्रमा रहेका पाँच वटा व्यवसायिक प्रतिष्ठानको निरीक्षण गरेको थियो ।



अनुगमन गरिएका प्रतिष्ठानहरूमा न्यू जगदम्बा स्वीट्स एण्ड बेकरी, एसियन मार्ट, मामा भान्जा किराना तथा जनरल स्टोर्स, होटल जयवाल मिठान भण्डार तथा जय राज चेम्बर गृह रहेका छन् । अनुगमनका क्रममा व्यवसायहरूमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमका प्रावधान पालना गरिएको पाइए पनि व्यवसायीहरूलाई खाद्य वस्तुको म्याद, सरसफाइ, मूल्यसूची तथा बिल प्रणालीलाई अझ प्रभावकारी बनाउन सामान्य निर्देशन दिइएको जनाइएको छ।

संयुक्त टोलीले बजारमा अखाद्य वस्तुको बिक्री वितरण रोक्न, उपभोक्तालाई ठगी हुनबाट जोगाउन तथा स्वस्थ प्रतिस्पर्धा कायम गर्न निरन्तर अनुगमनलाई तीव्रता दिइने जनाएको छ। यता अनुगमनका क्रममा जीतपुर क्षेत्रका अधिकांश बजार बन्द रहेको तथा प्रसौनी बजार पूर्ण रूपमा बन्द रहेका कारण केही स्थानमा निरीक्षण प्रभावित भएको टोलीले जनाएको छ ।

## मल अभावले किसान अवैध बाटोतर्फ, प्रहरीद्वारा युरिया नियन्त्रणमा

***शु.आ. सम्बाददाता***
***बारा, ३१ वैशाख***

बारा जिल्लामा रासायनिक मलको चरम अभाव चुलिँदै जाँदा सीमावर्ती क्षेत्रबाट भारतबाट अवैध रूपमा मल भित्र्याउने क्रम बढ्न थालेको छ । बिहीबार बिहान कलैया बजारमा भारतबाट ल्याइएको युरिया मल झार्दै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलीले केही बोरा मल नियन्त्रणमा लिएपछि जिल्लाको मल संकट फेरि चर्चामा आएको छ। स्थानीय स्रोतका अनुसार भारतको सीमावर्ती बजारबाट ल्याइएको युरिया मल कलैयास्थित एक मल तथा खाद्य पसलमा गोप्य रूपमा झार्ने तयारी भइरहेका बेला प्रहरीले छापा मारेको थियो । प्रहरी टोली पुगेपछि घटनास्थलमा रहेका केही व्यक्ति फरार भएका थिए भने केही बोरा युरिया मल जफत गरेर जिल्ला प्रहरी कार्यालय लगिएको बताइएको छ । घटनापछि किसान तथा व्यवसायीहरूले सरकारी आपूर्ति प्रणालीमाथि तीव्र असन्तुष्टि जनाएका छन्। उनीहरूका अनुसार खेतीपातीको मुख्य समयमा सरकारी अनुदानको मल सहज रूपमा उपलब्ध नभएपछि किसानहरू महँगो मूल्य तिरेर वा वैकल्पिक बाटो अपनाएर मल जुटाउन बाध्य भएका छन् । धान रोपाइँको तयारी भइरहेका बेला बजारमा मल



नपाउँदा खेती नै प्रभावित हुने अवस्था सिर्जना भएको किसानहरूको भनाइ छ । "घण्टौं लाइन बस्दा पनि मल पाइँदैन, सहकारीमा स्टक छैन," एक स्थानीय किसानले भने, "खेती जोगाउन भारतबाट ल्याइएको मल किन्नु बाध्यता बनेको छ ।" व्यवसायीहरू पनि सरकारी आपूर्ति कमजोर हुँदा सीमावर्ती बजारबाट सानो परिमाणमा मल ल्याउन बाध्य भएको बताउँछन्। उनीहरूका अनुसार किसानको माग उच्च भए पनि सरकारी वितरण प्रभावकारी नभएकाले अवैध कारोबार बढिरहेको छ । यता प्रहरीले भने भन्सार छली गरी ल्याइएका कृषि सामग्रीमाथि निगरानी कडा पारिएको जनाएको छ। अवैध आयात नियन्त्रण अभियान निरन्तर जारी रहने प्रहरीको भनाइ छ । स्थानीयवासीहरूले भने केवल जफत र कारबाहीले समस्या समाधान नहुने बताएका छन् । उनीहरूका अनुसार दीर्घकालीन रूपमा मलको सहज आपूर्ति र प्रभावकारी वितरण प्रणाली लागू नगरेसम्म सीमावर्ती जिल्लामा यस्ता गतिविधि रोक्न कठिन हुने देखिएको छ।

कृषि प्रधान देशमै हरेक खेती सिजनमा किसानले मल अभाव झेल्नुपरेको भन्दै सरोकारवालाहरूले संघीय सरकार र सम्बन्धित निकायलाई तत्काल प्रभावकारी कदम चाल्न माग गरेका छन् ।


### श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय

SHREE NEPAL RASTRIYA BASIC SCHOOL

जीतपुरसिमरा उ.म.न.पा. वडा नं.११, खैर्वा, बारा, मधेस प्रदेश, नेपाल

Jeetpursimara SMC Ward No. 11, Khairwa Bara, Madhesh Province, Nepal

स्थापना/Estd: २०३७

Emis Code: 330350004 Pan: 201406713

पत्र संख्या/Ref. No: - २०८२/०८३

चलानी नं./Dispatch No: - ६८

मिति/Date: - २०८३/०१/३१

**शिक्षक विज्ञापन ( दोस्रो पटक )**

यस विद्यालयका लागि आ. व. २०८२/०८३ को वडा स्तरीय अनुदानबाट जीतपुरसिमरा उपमहानगरपालिकाको मिति २०८३/०१/०६ गतेको पुनः विज्ञापन अनुमति र जीतपुरसिमरा उपमहानगरपालिका ११ नं. वडा कार्यालय, आमादार बाराको २०८२/०६/२० को बजेट सुनिश्चितताको पत्र र यस बिद्यालयको बि.व्य.स. मिति २०८३/०१/३० गतेको बैठक अनुसार तपसिल बमोजिम एक प्राथमिक तह शिक्षक ( करार ) पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

तपसिल :

1. विज्ञापन नं . :१/२०८२/२०८३
2. पद :प्राथमिक शिक्षक ( करार )
3. अवधी : २०८३ असार मसान्तसम्म
4. पद संख्या :१ ( एक )
5. शैक्षिक योग्यता :I.Ed. /+2 उतीर्ण वा सो सरह ( माथिल्लो योग्यता, मन्टेश्वरी तालिम प्राप्त गरेकालाई विशेष ग्रायहता दिइनेछ ।)
6. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
7. पदको किसिम :वडा स्तरीय करार
8. परीक्षा दस्तुर : १०००.०० ( एक हजार मात्र )
9. सम्पर्क मिति :२०८३/०२/०७ गते
10. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक्ता अनुसार कक्षा अवलोकन ।
11. तलब स्केल : वि.व्य.स.को निर्णय अनुसार
12. परीक्षाको मिति : सम्पर्क मितिको दिन जानकारी गराइनेछ ।

आवश्यक कागजातहरु :

1. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी 1 -प्रति
2. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी 1/1 -प्रति
3. अध्यापन अनुमति पत्रको प्रतिलिपी 1 -प्रति
4. हस्त लिखित निवेदन पत्र

२०८२/०१/३१

प्रमोद प्रसाद चौधरी
प्रधानाध्यापक

सम्पर्क नम्बर : 9855026254 ( प्र.अ.) , 9804254687 ( वि.व्य.स. अध्यक्ष )

Email: schoolkhairwa@gmail.com ✆ 9855026254 Facebook: www.facebook.com/schoolkhairwa



### समाज प्रसुती तथा जेनेरल हस्पिटल प्राईभेट लिमिटेडको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन तयारी सम्बन्धि सार्वजनिक सुचना

प्रकाशित मितिः- २०८३/०२/०१ गते

मधेश प्रदेश बारा जिल्ला वडा नं ६ , कलैया , कलैया उपमहानगरपालिका समाज प्रसुती तथा जेनेरल हस्पिटल प्राईभेट लिमिटेडद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | समाज प्रसुती तथा जेनेरल हस्पिटल प्राईभेट लिमिटेड वडा नं ६, कलैया , कलैया उपमहानगरपालिका , मधेश प्रदेश, फोन नम्बर ९८१३८४००८९ |
| प्रस्तावको ब्यहोरा | स्वास्थ्य सेवा |
| प्रभाव पर्न सक्ने क्षेत्र | कलैया उपमहानगरपालिका वडा नं ६ , कलैया , बारा |

माथि उल्लिखित प्रस्तावको वातवरणीय अध्ययन प्रतिबेदन तयार गर्ने सो क्षेत्रको जैबिक तथा पारिस्थितिकिय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली , समाजिक तथा आर्थिक प्रणाली र सास्कृतिक प्रणालीहरू बिच के कस्तो सकारात्मक तथा नकरात्मक प्रभाव पर्दछ भनि यकिन गर्न वडा नं ६ , कलैया , कलैया उपमहानगरपालिकाको वडा समिति, बिधालय, स्वास्थ्य सँस्था तथा सरोकारवाला ब्यक्ति वा सँस्थाको राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले ७ ( सात ) दिन भित्र देहायमा उल्लेखित ठेगानामा पुग्ने गरी लिखित राय सुझाब उपल्बध गराईदिनु हुन अनुरोध गरीन्छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | समाज प्रसुती तथा जेनेरल हस्पिटल प्राईभेट लिमिटेड वडा नं ६ , कलैया उपमहानगरपालिका , बारा फोन नम्बर ९८१३८४००८९ Email: samaajhospital@gmail.com |
| परामर्श दाताको नाम र ठेगाना | मोईरा ईन्जिनियरिङ् कन्सल्टेन्सी प्रा. लि. मुर्ली बगौचा १२ , बिरगंज, पर्सा फोन नम्बरः ९८६०२६३८२७ Email: moiraengineering18@gmail.com |


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

## सम्पादकीय...........

# सानालाई होइन, ठूला तस्करलाई नियन्त्रण गरौं

सीमावर्ती जिल्ला बारा र पर्सामा तस्करी, लागूऔषध कारोबार तथा प्रहरी-बिचौलिया मिलेमतोबारे उठ्दै आएका गम्भीर गुनासाबीच नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले सिम्रौनगढबाट दिएको सन्देश केवल औपचारिक निर्देशन मात्र होइन, संगठनभित्र सुधारको संकेतका रुपमा लिनुपर्ने देखिन्छ ।

"एक किलो सामान बोकेको सर्वसाधारण समात्ने तर ट्रकका ट्रक अवैध सामान छोड्ने प्रवृत्ति अब सह्य हुँदैन" भन्ने उनको भनाइले सीमावर्ती क्षेत्रमा देखिँदै आएको दोहोरो मापदण्डलाई स्पष्ट रुपमा उजागर गरेको छ । वास्तविकता के हो भने लामो समयदेखि साना कारोबारीमाथि कडाइ देखाइए पनि ठूला तस्करी सञ्जाल र तिनका संरक्षकहरु भने अझै कानुनी दायराभन्दा बाहिर रहने आरोप बलियो छ ।

सीमावर्ती क्षेत्रमा तस्करी अब छिटपुट गतिविधि मात्र नभई संगठित सञ्जालका रुपमा विकसित भएको जनगुनासो छ । खुला नाका, कमजोर निगरानी, राजनीतिक संरक्षण र केही अस्वस्थ आन्तरिक मिलेमतोका कारण राज्य संयन्त्रप्रति जनविश्वास कमजोर बन्दै गएको छ । यस्तो अवस्थामा साना भरिया वा साना कारोबारीमाथि मात्र कारबाही गरेर समस्या समाधान भएको दाबी गर्नु वास्तविकताबाट पन्छिनु सरह हो । त्यसैगरी लागूऔषध कारोबारको अवस्था पनि चिन्ताजनक छ । मधेशका सीमावर्ती क्षेत्रमा यसको ओसारपसार, बिक्री र सेवनले युवापुस्ताको भविष्यमा गम्भीर असर पारिरहेको छ । तर प्रश्न उठ्छ– कारबाही केवल प्रयोगकर्ता वा साना बोक्ने व्यक्तिसम्म सीमित छ कि यसको मूल जालोसमेत तोड्ने प्रयास भइरहेको छ?

आइजीपीले प्रहरी-बिचौलिया संस्कृतिप्रति व्यक्त गरेको असन्तुष्टि पनि समयसापेक्ष छ । सेवाग्राहीले अझै पनि पहुँच र सिफारिसबिना सेवा पाउन कठिन हुने धारणा समाजमा गहिरिँदै गएको छ, जसले प्रहरीप्रति जनआस्था कमजोर बनाइरहेको छ ।

सिम्रौनगढमा उद्घाटन गरिएको सेवा केन्द्र भौतिक रुपमा सकारात्मक भए पनि यसको प्रभावकारिता सेवा दिने शैली र व्यवहारमा निर्भर गर्छ । संरचना होइन, सेवा प्रणाली नै जनमैत्री हुन आवश्यक छ ।

अब आवश्यकता स्पष्ट छ–भाषण होइन, कार्यान्वयन । तस्करी, लागूऔषध कारोबार र बिचौलिया संस्कृतिमाथि निष्पक्ष र कठोर कारबाही हुन सके मात्र राज्यप्रति जनविश्वास पुनः स्थापित हुन सक्छ । अन्यथा "सानालाई मात्र कारबाही, ठूलालाई छुट" भन्ने धारणा झन् गहिरिँदै जानेछ ।

# संविधान संशोधन कि पुनरावलोकन



विष्णु लुइटेल

यो सरकारसँग जनताको आशा अपेक्षा धेरै छ। संविधानलाई देशको मूल कानुन भनिन्छ। यो राजनीतिक तथा कानुनी लिखित परिबन्ध हो। नेपालको सातौं संविधान २०७२ साल असोज ३ गते जारी गरिएको हो। २००४ सालदेखि देशमा राजनीतिक स्थायित्व नहुँदा यसभन्दा अगाडिका विभिन्न ६ वटा संविधानको अनुभव नेपाली जनताले राम्रैसँग गरिसकेका छन्।

संविधान देशको मूल कानुन भएकोले यसलाई पटकपटक जारी गर्दै, खारेज गर्दै, नयाँ लेख्दै गर्ने विषय होइन। वर्तमान संविधानले लामो समयसम्म निरन्तरता पाउनु पर्दछ। संविधान बदलेर मात्र देश विकास हुन सक्दैन। संविधानले देश विकसित र समृद्ध बनाएको होइन। शासकहरूको नियत राम्रो हुनु पर्दछ। संविधान र कानुनको प्रयोगमा इमान्दारी र पारदर्शिता भएमा देश सुशासनको बाटोमा जान्छ। संविधान र सो अनुरूपका कानुनहरू निर्माण हुनुपर्छ। संविधान प्रयोगको यत्रो लामो १० वर्षको अवधिमा पनि संविधान अनुकूलका कानुनहरू निर्माण हुन सकेका छैनन्। त्यसैले संविधानवाद र कानुनी शासन फितलो हुँदै गएको छ। कुनै पनि देशको संविधान आफैंमा पूर्णता हुँदैन। यसलाई जनआकांक्षा अनुरूपको बनाउन समयसापेक्ष संशोधन गर्नु पर्दछ। संसारका कतिपय देशमा लिखित संविधान नै नभएको वा अत्यन्त सानो स्वरूपको संविधान भएर पनि देश चलेकै छ। विश्वमा लिखित संविधान नभएका देशहरू जस्तै बेलायत, इजरायल, साउदी अरेबिया, न्युजिल्यान्डजस्ता देशहरू लिखित संविधान भएका देशहरूभन्दा अत्यन्त विकसित छन। जतिसुकै राम्रो प्रजातान्त्रिक संविधान बनाए पनि त्यसको सही प्रयोग गर्न नसके त्यो देखावटी कागजको दस्तावेजमात्र हुन जान्छ। जुन कुरा नेपालको लामो तर अस्थिर संवैधानिक इतिहासको अनुभवले दर्शाएको छ।

सन् १७८९ मा लागू भएको अमेरिकाको संविधानमा जम्मा सातवटा मात्र धारा छन्। सो संविधान २४० वर्षको इतिहासमा आजसम्म २७ पटक (७ मे १९९२) मा पछिल्लो पटक संशोधन भएको छ। त्यस्तै सन् १९५० मा जारी भएको भारतको संविधान १०५ औं पटक (१८ अगस्ट २०२१) मा पछिल्लोपटक संशोधन भएको छ। सन् १८१४ मा जारी भएको नर्वेको संविधान प्रयोगको दुई सय वर्षको अवधिमा चार सय पटक संशोधन (२४ मे २०२४) मा भएको अर्को पुरानो संविधान हो। त्यस्तैगरी बेल्जियमको संविधान १८३१, डेनमार्कको संविधान, १८४९, संसदीय राजतन्त्र भएको लक्जम्वर्गको संविधान १८६८ लगायत युरोपियन देशका संविधानहरू जो समयसापेक्ष संशोधन एवं परिमार्जन हुँदै आएका छन। कतिपय देशमा संविधान पुनरावलोकनसम्बन्धी छुट्टै कानुन बनाएर संविधान संशोधन गर्ने गरेको पाइन्छ। यसरी हेर्दा धेरै पुराना संविधानहरू पनि विभिन्न देशमा ऐतिहासिक लिखित संवैधानिक सम्पदाको रूपमा प्रयोग भइआएको पाइन्छ। संविधानसभाबाट निर्मित नेपालको संविधानको प्रयोग १० वर्ष बितिसकेको छ। संविधान कार्यान्वयनको यो छोटो अवधिमा नेपालको संविधान पहिलो पटक २३ जनवरी २०१६ मा संशोधन भएको हो। यस संशोधनले संविधानको धारा ४२, धारा ८४ मा संशोधन गरी राज्यका निकायहरूमा जनसंख्याको आधारमा समावेशी र समानुपातिक प्रतिनिधित्व समावेश गर्ने गरी संशोधन भएको हो। त्यस्तैगरी दोस्रो संशोधन भने १८ जुन २०२० मा भयो। यस संशोधनले नेपालको नक्सा परिवर्तन गर्‍यो। जसअनुसार लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई नेपालको नक्साभित्र समावेश गरियो, त्यसपछि संविधानमा कुनै पनि संशोधन भएको छैन।

### संविधान संशोधन कि पुनरावलोकन

संविधानको संशोधन भनेको संविधानमा उल्लेख भएको कुनै व्यवस्थालाई संशोधनको माध्यमबाट परिवर्तन गर्नु हो। संविधानको पुनरावलोकन भनेको संविधानमा रहेको सम्पूर्ण व्यवस्था उपर सूक्ष्म रूपमा अध्ययन गरी पुनरावलोकनको माध्यमबाट संविधानको बृहत् संशोधन गरी समयसापेक्ष जनचाहना अनुरूप परिवर्तन गर्नु हो। यसको अर्थ संविधानको पुनर्लेखन गरी नयाँ संविधान जारी गर्ने भन्ने होइन। संविधानको पुनर्लेखन भन्नुको अर्थ भइरहेको संविधानलाई निलम्बन वा स्थगन गरेर संविधानको पुनर्लेखन गरी संविधानमा नयाँपन दिने हो। नेपालमा पछिल्लो पटक २०७२ सालमा जारी भएको संविधानको प्रयोगले एक दशक पार गरिसकेको छ। यस अवधिमा संविधान दुई पटक मात्र संशोधन भएको छ। पहिलो पटक ९ माघ २०७२ मा संविधान संशोधन भएको हो। जसअनुसार राज्यका निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्व समावेश गर्ने गराउने भनी संविधानको धारा ४२ र ८४ मा संशोधन गरियो। समाजमा विभिन्न सामाजिक, आर्थिक, जातीय, परम्परा, छुवाछूत आदि कारणले राज्यको मूल प्रवाहमा आउन नसक्ने वा नसकेका व्यक्तिहरूलाई पनि समन्यायको दृष्टिकोणले राज्यको मूल प्रवाहमा समावेश गराउने उद्देश्यले संविधानमा पहिलो संशोधन गरिएको हो। उद्देश्य राम्रो हो, तर उद्देश्यअनुसारको लक्ष्य प्राप्ति हुन सकेको छैन।

किनभने राज्य सञ्चालनको शीर्ष स्थानमा रहेका व्यक्तिहरूबाट नै समावेशी समानुपातिक सिद्धान्तको दुरुपयोग गरियो। यो एक दशक लामो संवैधानिक अभ्यासमा राज्य सञ्चालनमा रहेका व्यक्तिहरूले आफ्ना नातागोता, आफन्त र दास पात्रहरूलाई मात्र राज्यको मूल प्रवाहमा समावेश गरेका कारण अन्य सक्षम व्यक्तिले मौका पाएनन्। यसमा पनि योग्य, क्षमतावान् र संविधानले परिकल्पना गरेको लक्षित वर्ग राज्यको मूल प्रवाहमा संलग्न हुन पाएन।

त्यसपछि नेपालको संविधान, २०७२ दोस्रो पटक ४ असार २०७७ मा संशोधन गरियो। नेपालको परम्परागत वा प्रयोगमा भएको भौगोलिक नक्सामा लिपुलेक, लिम्पियाधुरा र कालापानीसमेत समावेश गरेर नेपालको भौगोलिक नक्सा परिवर्तन गरियो। यो संशोधनले नेपालको आफ्नो भूगोल पश्चिम नेपालको कालापानीसम्म रहेको भन्ने तथ्य उजागर गर्‍यो। यस संशोधनले तत्कालीन सरकार र संसद् नेपालको राष्ट्रियताप्रति सजग र सचेत रहेको पुष्टि गर्दछ। यद्यपि उक्त कालापानी क्षेत्र भौगोलिक र भौतिक प्रयोग भने नेपालले गर्न सकेको छैन। यस क्षेत्रमा छिमेकी मित्रराष्ट्र भारतले आफ्नो दाबी गर्दै आएको छ। तर उसको दाबी प्रामाणिक र यथार्थपरक छैन भन्ने कुरा विभिन्न ऐतिहासिक दस्तावेजले प्रमाणित गरेको पाइन्छ।

अहिले संविधान संशोधनको विषय तीव्र रूपमा उठेको छ। यसभन्दा पहिलेको नेपाली कांग्रेस पार्टी र नेकपा एमालेको संयुक्त सरकारले संविधान संशोधनको मुख्य एजेन्डा लिएको थियो। नेपाली कांग्रेसको समर्थनमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको सरकार गठन भएको १३ महिना २४ दिन अर्थात् २४ भदौ २०८२ मा अन्त्य भयो। संविधान संशोधनको कुनै खाका नै कोर्न नपाउँदै जेन–जी आन्दोलनको नाममा जबर्जस्त हटाइएको सरकारले राष्ट्रियसभामा आफ्नो दुईतिहाइ बहुमत सिद्ध गर्न सक्ने अवस्था नहुँदा संविधान संशोधन हुने अवस्था थिएन।

हरेक लिखित संविधान भएका देशमा संविधान संशोधन गर्ने प्रावधान राखिएको हुन्छ। प्रजातान्त्रिक मूल्य मान्यता अपनाएका र लिखित संविधान भएका देशमा जनचाहना, भावनाअनुसार समयसापेक्ष संविधानको संशोधन गरिन्छ। अमेरिकाको संविधानको धारा ५ मा संविधान संशोधनसम्बन्धी व्यवस्था राखिएको छ। भारतको संविधानको धारा ३६८, फ्रान्सको संविधान, १९५८ को धारा ८९, बंगलादेशको संविधान, १९७२ को धारा १४२ एवं पाकिस्तानको संविधान, १९७३ को धारा २३८, २३९ लगायत अन्य विभिन्न देशका संविधानमा संशोधनसम्बन्धी संवैधानिक व्यवस्था गरिएको छ। त्यसका अलावा अन्य कतिपय देशमा संविधान संशोधनसम्बन्धी छुट्टै कानुन निर्माण भएको पाइन्छ। संविधान संशोधनको विषय संविधानवादको विषय हो। संविधान भनेको राजनतिक, सामाजिक र कानुनी दस्तावेज भएको हुनाले समयसापेक्ष परिमार्जन र संशोधन हुनुपर्दछ भन्ने मान्यता रहिआएको छ। नेपालको संविधान, २०७२ को भाग ३१ धारा २७४ मा संविधान संशोधनसम्बन्धी व्यवस्था रहेको छ। संविधान संशोधनको अन्तिम व्यवस्था केवल देखावटी आलंकारिक प्रावधान होइन। यो त समयसापेक्ष संशोधन गर्दै जानुपर्दछ भन्ने हो। संविधानको प्रस्तावनाको पहिलो हरफमा उल्लेखित सार्वभौमसत्ता सम्पन्न नेपाली जनताद्वारा निर्मित संविधानसभाले निर्माण गरेको संविधान पक्कै पनि पहिलेका संविधानभन्दा बेग्लै महत्त्व र अस्तित्व भएको संविधान हो। संविधानले परिकल्पना गरेको संविधान संशोधनको व्यवस्थाले सार्थकता पाउनु पर्दछ। नेपालको संविधानमा भएका प्रावधानहरूलाई संशोधन गर्दा नेपालको सार्वभौमिकता, भौगोलिकता, अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गरिने छैन भनी उल्लेख छ। सो व्यवस्था हाम्रो संविधानमा रहेको असंशोधनीय प्रावधान हो। बाँकी अन्य जुनसुकै कुरामा संविधान संशोधन गर्न सकिन्छ।

नेपालको संविधान संशोधन कसरी गरिन्छ ? नेपालमा संविधान संशोधनसम्बन्धी छुट्टै कानुन छैन। संविधानको धारा २७४ को उपधारा २ मा उल्लेख भएअनुसार संविधानको कुनै पनि धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेस गर्नु पर्दछ। यसरी पेस भएको विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारण जनताको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्दछ भन्ने व्यवस्था रहेको छ। तर, त्यस्तो विधेयक कुनै प्रदेशको सिमाना परिवर्तन वा प्रदेशको अधिकारसम्बन्धी संविधानको अनुसूची–६ मा उल्लेखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसद्मा प्रस्तुत भएको ३० दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेशसभामा पठाउनु पर्दछ। यसरी पठाइएको विधेयक तीन महिनाभित्र सम्बन्धित प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यसंख्याको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी संघीय संसद्मा पठाउनु पर्दछ। त्यस्तो प्रदेशसभा कायम नरहेको अवस्थामा प्रदेशसभा गठन भई त्यसको पहिलो बैठक बसेको तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी विधेयक उत्पत्ति भएको संघीय संसद्मा पठाउनु पर्दछ। तर त्यस्तो विधेयक प्रदेशसभाले अस्वीकृत गरेको सूचना संघीय संसद्को सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्क्रिय हुने व्यवस्था संविधानले गरेको छ। प्रदेशसभाको सहमति आवश्यक नपर्ने वा बहुसंख्यक प्रदेशसभाका सदस्यहरूबाट पारित भइआएको संविधान संशोधनसम्बन्धी विधेयक संघीय संसद्को दुवै सदनका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतबाट पारित गरेको खण्डमा सो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस गर्नु पर्दछ। यसरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस गरेको विधेयक १५ दिनभित्र राष्ट्रपतिबाट प्रमाणीकरण हुनेछ र प्रमाणीकरण भएका मितिदेखि संविधानको कुनै पनि धारा संशोधन हुने संवैधानिक प्रावधान रहेको छ।

### अन्त्यमा

संविधान देशको मूल कानुन हो। कुनै पनि देशको राज्यसत्ता सञ्चालन, शासकीय स्वरूप र राज्य संरचनाको प्रतिबिम्ब संविधान हो। संविधान निर्माण गर्न दशकौं लामो संघर्ष, दक्ष जनशक्ति एवं ठूलो धनराशि खर्च भएको हुन्छ। राज्यका सबै तह, वर्ग समुदाय, विचार विविधता भएका नागरिकले मञ्जुर गरी आफूमाथि आफैं शासन गर्ने साझा कानुनको रूपमा स्वीकार गरेको दस्तावेज संविधान भएको हुनाले यसको संशोधन, पुनरावलोकन परिमार्जन गर्नु सामान्य कुरा होइन। संविधान संशोधनको विषय जटिल हुन्छ। त्यसकारण संविधान संशोधन गर्नुपूर्व नागरिकहरूसँग संवाद, सहकार्य र स्वीकृति अनिवार्य हुन्छ। संविधान संशोधन गर्नुपूर्व कतिपय विषयमा जनमतसंग्रहको पनि आवश्यकता पर्दछ। त्यसैले नेपालको संविधान, २०७२ को धारा २७५ मा जनमतसंग्रहसम्बन्धी व्यवस्था गरिएको छ। धारा २८१ को व्यवस्थाअनुसार प्रत्येक १० वर्षमा महिला तथा दलित समुदायको विशेष अधिकारको कार्यान्वयनसम्बन्धी व्यवस्थाको प्रभाव तथा सूचकांकको समीक्षा तथा पुनरावलोकन गर्ने भन्ने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्थाले संविधानको समग्र प्रयोग र कार्यान्वयनको १० वर्षमा एकपटक पुनरावलोकन गर्ने भन्ने सैद्धान्तिक मार्गदर्शन पनि हो।

वर्तमान संविधानको कार्यान्वयनमा धेरै चुनौतीहरू देखिएका छन्। संविधानले परिकल्पना गरेको राज्यको संरचना, संघीय व्यवस्था, धर्मसम्बन्धीको विषय, तीन तहका सरकार र राज्यशक्तिको बाँडफाँट, राष्ट्रपति, उपराष्ट्रपति, संघीय सांसदको संख्या, प्रदेश सांसदको संख्या, प्रदेश सरकार र प्रदेशको सीमा, संख्या र अधिकार, निर्वाचन प्रणाली, संवैधानिक परिषद्, न्यायपरिषद्, संवैधानिक आयोगहरूबाट राज्यलाई प्राप्त भएको प्रतिफल समीक्षा र यसको औचित्य र आवश्यकता आदि सम्बन्धमा समेत गम्भीर पुनरावलोकन गरी जनचाहनाअनुसार समयसापेक्ष राष्ट्रहितलाई सर्वोपरी ठानी संविधान संशोधनको आवश्यकता रहेको छ।

वर्तमान सरकारले संविधान संशोधनको एजेन्डासमेत उठाएको छ। संविधानजस्तो जटिल तर महत्त्वपूर्ण दस्तावेजको अध्ययन, समीक्षा र संशोधन गर्न कानुन र संविधानप्रति जानकार नभएको व्यक्तिको संयोजकत्वमा गठित संयन्त्र केवल वर्तमान सरकारको देखावटी र जनताको आँखामा छारो हाल्ने काम भएको देखिन्छ।

लुइटेल, वरिष्ठ अधिवक्ता हुन्।

'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# ब्रिक्स बैठकमा इरान युद्ध र तेल सङ्कटको छायाँ

***नयाँ दिल्ली-*** इरान युद्धका कारण चर्किएको ऊर्जा सङ्कट, अस्थिर तेल बजार र विश्वव्यापी आर्थिक अनिश्चितताबीच ब्रिक्स राष्ट्रका विदेशमन्त्रीहरू बिहीबार नयाँ दिल्लीमा भेला भएका छन् । भारतले बैठकको उद्घाटन गर्दै वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति 'गम्भीर उतारचढाव र पर्याप्त प्रभाव' को चरणमा पुगेको चेतावनी दिएको छ। यस वर्ष ब्रिक्सको अध्यक्षता गरिरहेको भारतले विस्तारित समूहका विदेशमन्त्रीहरूको दुई दिने बैठक आयोजना गरेको हो । भेलामा इरान, रुस, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सलगायत सदस्य राष्ट्र सहभागी छन् । फेब्रुअरी २८ देखि अमेरिका र इजरायलले इरानविरुद्ध सुरु गरेको युद्धका कारण उत्पन्न तनावले बैठकको मूल एजेन्डालाई प्रभाव पारेको छ। भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले उद्घाटन सत्रमा विश्व अहिले अस्थिर राजनीतिक र आर्थिक मोडबाट गुज्रिरहेको बताए ।




उनले भने, "हामी अन्तर्राष्ट्रिय सम्बन्धमा उल्लेखनीय उतारचढावको समयमा भेटिरहेका छौँ । चलिरहेका द्वन्द्व, आर्थिक अनिश्चितता तथा व्यापार, प्रविधि र जलवायुका चुनौतीहरूले विश्वव्यापी परिदृश्यलाई नयाँ ढङ्गले आकार दिइरहेका छन् ।" उहाँले विशेषगरी विकासोन्मुख राष्ट्रहरूले ब्रिक्सप्रति बढी अपेक्षासहित हेरिरहेको उल्लेख गरे ।

जयशङ्करका अनुसार उदीयमान अर्थतन्त्रहरू अहिले विश्व व्यवस्थामा स्थिरता र रचनात्मक भूमिकाको खोजीमा छन् । भेलामा इरानका विदेशमन्त्री अब्बास अराघची र रुसका विदेशमन्त्री सर्गेइ लाभ्रोभको उपस्थिति विशेष अर्थपूर्ण मानिएको छ । अमेरिका-इजरायल र इरानबीचको युद्धले मध्यपूर्वमा तनाव बढाइरहेका बेला ब्रिक्स राष्ट्रहरूबीच साझा धारणा निर्माण गर्न कठिन देखिएको विश्लेषण गरिएको छ ।

खाडी क्षेत्रको जलमार्ग, विशेषगरी हर्मुज जलघाँटीमा भइरहेको अवरोधले तेल तथा ग्यास बजारमा ठूलो अस्थिरता ल्याएको छ । भारतजस्ता ऊर्जा आयातमा निर्भर अर्थतन्त्रहरू यसको प्रत्यक्ष असरमा परेका छन् । जयशङ्करले विकासोन्मुख राष्ट्रहरू अहिले ऊर्जा, खाद्य, मल, स्वास्थ्य सुरक्षा र वित्तीय पहुँचजस्ता आधारभूत क्षेत्रमा समेत चुनौती भोगिरहेको बताए । उनले भने, "विकासका मुद्दाहरू अहिले पनि केन्द्रमा छन् । धेरै देशहरूले ऊर्जा, खाद्य, मल र स्वास्थ्य सुरक्षासँगै वित्तीय पहुँचमा कठिनाइ सामना गरिरहेका छन् ।"

इरानसँगको युद्धले भारतको अर्थतन्त्रमा थप दबाब सिर्जना गरेको छ। भारतले आफ्नो ठूलो ऊर्जा आवश्यकता मध्यपूर्वबाट पूरा गर्दै आएको छ । विश्वको तेस्रो ठूलो तेल आयातकर्ता भारतले सामान्य अवस्थामा आफ्नो कच्चा तेलको झन्डै आधा हिस्सा हर्मुज जलघाँटीमार्फत प्राप्त गर्छ। तर युद्ध सुरु भएयता उक्त समुद्री मार्ग पटक-पटक अवरुद्ध हुँदा भारतको आपूर्ति शृङ्खलामा अनिश्चितता बढेको छ ।

यसैबीच भारतले वैकल्पिक आपूर्ति स्रोत विस्तार गर्न थालेको छ। पुराना साझेदार राष्ट्रहरूसँगको सहकार्य पुनः सक्रिय पार्नुका साथै नयाँ आपूर्तिकर्ताहरूसँग सम्बन्ध विस्तार गर्ने प्रयास भइरहेको छ। विशेषगरी रुस भारतका लागि प्रमुख वैकल्पिक तेल आपूर्तिकर्ता बनेको छ । गत वर्षसम्म भारतले अमेरिकी दबाब र सम्भावित शुल्कबाट जोगिन रुसी तेलमाथिको निर्भरता घटाउने प्रयास गरेको थियो ।

तर अहिलेको सङ्कटले नयाँदिल्लीलाई पुनः मस्कोतर्फ फर्किन बाध्य बनाएको देखिएको छ। जयशङ्करले बुधबार साँझ रुसका विदेशमन्त्री लाभ्रोभसँग छुट्टै भेटवार्ता पनि गरेका थिए । त्यस अवसरमा उनले वर्तमान 'अनिश्चित र अस्थिर वैश्विक वातावरण' मा भारत-रुस राजनीतिक सहकार्य अझ महत्त्वपूर्ण बनेको उल्लेख गरे ।

भारतीय विदेश मन्त्रालयका अनुसार दुई नेताबीच व्यापार, लगानी, ऊर्जा र कनेक्टिभिटीका विषयमा विस्तृत छलफल भएको थियो । ब्रिक्स समूह सन् २००९ मा पश्चिमी शक्तिको प्रभुत्व रहेका अन्तर्राष्ट्रिय संस्थाहरूमा वैकल्पिक प्रभाव निर्माण गर्ने उद्देश्यसहित स्थापना गरिएको थियो। सुरुमा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका मात्र सहभागी रहेको समूह पछिल्ला वर्षहरूमा तीव्र रूपमा विस्तार भएको छ ।

हाल ब्रिक्समा इजिप्ट, इथियोपिया, इरान, साउदी अरेबिया, इन्डोनेसिया र संयुक्त अरब इमिरेट्ससमेत आबद्ध छन् । सदस्य विस्तारसँगै समूहको विश्वव्यापी राजनीतिक तथा आर्थिक प्रभाव बढाउने प्रयास भइरहेको छ। यद्यपि सदस्य राष्ट्रहरूबीच गहिरो मतभेद पनि देखिएका छन् । विशेषगरी मध्यपूर्व युद्ध, पश्चिमी शक्तिहरूप्रतिको धारणा र अन्तर्राष्ट्रिय सुरक्षा सवालमा ब्रिक्सभित्र एकरूपता कायम हुन सकेको छैन ।

चिनियाँ विदेशमन्त्री वाङ यी भने यस बैठकमा सहभागी भएका छैनन्। उनी बेइजिङमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको भेटवार्तामा सहभागी रहेको जनाइएको छ । भारतले यसै वर्षको अन्त्यमा ब्रिक्स नेताहरूको शिखर सम्मेलन आयोजना गर्ने तयारी गरिरहेको छ ।


विदेश मन्त्रालयका अनुसार विदेशमन्त्रीहरूले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेट गर्ने कार्यक्रम रहेको छ । तर बैठकको अन्त्यमा संयुक्त वक्तव्य जारी हुने वा नहुने अझै स्पष्ट भएको छैन । सदस्य राष्ट्रहरूबीच संवेदनशील अन्तर्राष्ट्रिय मुद्दामा मतभेद गहिरिँदै गएकाले साझा धारणा बनाउन कठिनाइ देखिएको छ ।

भारतका विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले पत्रकारहरूसँग कुरा गर्दै भने, "परिस्थिति जसरी अघि बढ्छ, हामी त्यसबारे जानकारी दिँदै जानेछौँ ।"

## बाराका........

भएपछि त्यसबेला सेवाग्राहीहरूमा व्यापक असन्तोष देखिएको थियो । विशेषगरी ग्रामीण तथा निम्न आय भएका नागरिकहरूले सुरक्षित बचतको आशामा जम्मा गरेको रकम अनियमितता भएको विषयले सरकारी वित्तीय संयन्त्रप्रति नै प्रश्न उठाएको स्थानीयहरूको भनाइ छ।

कानुनी वृत्तमा भने सर्वोच्च अदालतले अब विशेष अदालतको फैसला, प्रमाण तथा अनुसन्धानको आधार पुनः परीक्षण गर्ने भएकाले यस मुद्दाले नयाँ मोड लिन सक्ने आकलन गरिएको छ । आयोगको पुनरावेदनपछि भ्रष्टाचार प्रकरणमा अन्तिम न्यायिक निष्कर्ष सर्वोच्च अदालतबाट आउनेछ ।




# निर्माण व्यवसायीको चेतावनी : माग नसुने पर्सामा पनि निर्माण कार्य ठप्प पार्ने ठेकेदारहरुको घोषणा

***राजन कुमार बानियाँ***
***पर्सा, ३१ वैशाख***

निर्माण सामग्रीमा भएको चर्को मूल्यवृद्धि, बैंक ब्याजदरको दबाब तथा सरकारले मूल्य समायोजन लागू नगरेको भन्दै नेपाल निर्माण व्यवसायी संघले देशव्यापी आन्दोलन सुरु गरेको छ । सोही कार्यक्रमअन्तर्गत पर्साका निर्माण व्यवसायीहरूले बिहीबार प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउँदै माग सम्बोधन नभए जिल्लाभर निर्माण कार्य ठप्प पार्ने चेतावनी दिएका छन् ।




नेपाल निर्माण व्यवसायी संघ पर्साका पदाधिकारी तथा व्यवसायीहरूको टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापनपत्र बुझाउँदै पछिल्लो समय निर्माण क्षेत्र गम्भीर आर्थिक संकटमा पुगेको बताएका हुन् । व्यवसायीहरूले पेट्रोलियम पदार्थ, डण्डी, सिमेन्ट, बिटुमिन लगायत निर्माण सामग्रीको मूल्य अस्वाभाविक रूपमा वृद्धि हुँदा निर्माण कार्य सञ्चालन गर्नै कठिन भएको उल्लेख गरेका छन् ।

ज्ञापनपत्रमा निर्माण क्षेत्र मुलुकको अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको संवेदनशील क्षेत्र भएको उल्लेख गर्दै लाखौं श्रमिकको जीविकोपार्जन यसै क्षेत्रमा निर्भर रहेको जनाइएको छ । तर पछिल्लो समय निर्माण सामग्रीको मूल्य निरन्तर बढ्दा व्यवसायीहरू आर्थिक रूपमा धराशायी हुने अवस्थामा पुगेको संघको भनाइ छ ।

संघका अनुसार केही वर्षअघि प्रतिलिटर करिब १ सय ५१ रुपैयाँ रहेको डिजेलको मूल्य बढेर १ सय ७२ रुपैयाँभन्दा माथि पुगेको छ। त्यस्तै डण्डी, सिमेन्ट, बिटुमिन लगायत सामग्रीको मूल्यमा पनि अत्यधिक वृद्धि भएको छ। मूल्यवृद्धिका कारण निर्माण लागत आकासिए पनि पुरानै दररेटमा ठेक्का सञ्चालन गर्नुपर्ने बाध्यताले व्यवसायीहरू ठूलो घाटामा परेको संघले जनाएको छ ।

निर्माण व्यवसायीहरूले सार्वजनिक खरिद नियमावलीमा मूल्य समायोजनको स्पष्ट व्यवस्था भए पनि व्यवहारमा कार्यान्वयन नभएको गुनासो गरेका छन् । "सरकारले मूल्यवृद्धिको वास्तविक अवस्था बुझ्न चाहेको देखिँदैन," ज्ञापनपत्रमा उल्लेख छ, "पुरानै लागतमा काम गर्न बाध्य पारिँदा व्यवसायीहरू पलायन हुने अवस्था आएको छ ।"

व्यवसायीहरूले बैंकको उच्च ब्याजदर, मजदुर पारिश्रमिक, उपकरण सञ्चालन तथा प्रशासनिक खर्चसमेत धान्न नसक्ने अवस्था सिर्जना भएको बताएका छन् । समयमै समस्या समाधान नभए निर्माण क्षेत्र पूर्ण रूपमा ठप्प हुने र त्यसको प्रत्यक्ष असर राष्ट्रिय अर्थतन्त्र, विकास आयोजना तथा रोजगारीमा पर्ने चेतावनी संघले दिएको छ ।

नेपाल निर्माण व्यवसायी संघ पर्साका सञ्जय पटेलले देशव्यापी आन्दोलनअन्तर्गत पर्सामा पनि सरकारको ध्यानाकर्षण गराइएको जानकारी दिए । उनले निर्माण व्यवसायीहरूको जायज मागप्रति सरकार गम्भीर नभए थप कडा आन्दोलनका कार्यक्रम घोषणा गरिने बताए ।

संघले निर्माण सामग्रीको कृत्रिम अभाव तथा कालोबजारी नियन्त्रण गर्न, मूल्य समायोजन तत्काल लागू गर्न तथा निर्माण व्यवसायीमैत्री वातावरण सिर्जना गर्न सरकारसँग माग गरेको छ। माग बेवास्ता गरिए जिल्लाभरका सम्पूर्ण निर्माण कार्य स्वतः बन्द गर्न बाध्य हुने चेतावनी समेत संघले दिएको छ ।

# शनिबार र आइतबार सार्वजनिक बिदा, हिउँदे-वर्षे बिदा ३० दिनमा सीमित

***शु.आ. सम्बाददाता***
***बारा, ३१ वैशाख***

नेपाल सरकारले आगामी शैक्षिक सत्रदेखि देशभरका विद्यालयमा शनिबार र आइतबार गरी दुई दिन साप्ताहिक सार्वजनिक बिदा लागू गर्ने निर्णय कार्यान्वयनमा ल्याउन निर्देशन दिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय तहहरूलाई पत्राचार गर्दै निर्णय अनिवार्य रूपमा कार्यान्वयन गर्न आग्रह गरेको हो ।




शिक्षा विकास तथा समन्वय इकाइ बारा मार्फत जिल्लाका सबै स्थानीय तहलाई पठाइएको पत्रअनुसार मन्त्रिपरिषद्को गत २०८२ फागुन २२ गतेको निर्णय बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूमा हप्तामा दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था लागू गर्न लागिएको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको निर्देशनअनुसार विद्यालयहरूले अब सोमबारदेखि शुक्रबारसम्म पूर्ण रूपमा पठनपाठन सञ्चालन गर्नुपर्नेछ। दुई दिन बिदाको व्यवस्थासँगै विद्यालयको वार्षिक शैक्षिक क्यालेन्डरमा पनि परिवर्तन गरिएको छ । नयाँ व्यवस्थाअनुसार दैनिक पठनपाठन समय बढाइने भएको छ। विद्यालयहरूले प्रत्येक दिन प्रार्थनाका लागि १५ मिनेट र खाजा समय २० मिनेट व्यवस्थापन गर्नुपर्नेछ भने सोमबारदेखि शुक्रबारसम्म पूरा समय नियमित शैक्षिक गतिविधि सञ्चालन गर्नुपर्ने जनाइएको छ ।

त्यस्तै, हालसम्म ४५ दिन कायम रहेको हिउँदे तथा वर्षे बिदालाई घटाएर ३० दिनमा सीमित गरिएको छ । मन्त्रालयले दुई दिन सार्वजनिक बिदाका कारण पठनपाठन प्रभावित नहोस् भन्ने उद्देश्यले वार्षिक बिदा कटौती गरिएको जनाएको छ ।

आन्तरिक मूल्यांकन तथा परीक्षासम्बन्धी कार्यतालिकामा पनि परिवर्तन गरिएको छ। पहिलो र दोस्रो त्रैमासिक मूल्यांकन पठनपाठन प्रभावित नहुने गरी सञ्चालन गर्नुपर्ने तथा अन्तिम परीक्षा र नतिजा प्रकाशनका लागि शैक्षिक सत्रको अन्तिम १२ दिन प्रयोग गर्न सकिने व्यवस्था गरिएको पत्रमा उल्लेख छ। मन्त्रालयले विद्यालय शिक्षालाई व्यवहारिक, परियोजनामूलक तथा प्रविधिमैत्री बनाउन समेत जोड दिएको छ। स्वीकृत पाठ्यक्रम तथा सिकाइ उपलब्धिका आधारमा साप्ताहिक रूपमा समुदाय र परिवारसँग सम्बन्धित परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन गर्न विद्यालयहरूलाई आग्रह गरिएको छ। परियोजना कार्य तथा प्रयोगात्मक शिक्षणलाई प्रभावकारी बनाउन पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा उपलब्ध सहजीकरण सामग्रीसमेत प्रयोग गर्न सकिने जनाइएको छ । स्थानीय तह, विद्यालय तथा शिक्षकहरूलाई पाठ्यक्रमअनुसार परियोजनामूलक सिकाइ व्यवस्थापन गर्न निर्देशन दिइएको छ ।

शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूले भने दुई दिन सार्वजनिक बिदाको निर्णयले विद्यार्थी, शिक्षक तथा अभिभावकलाई राहत पुग्ने अपेक्षा गरेका छन्। यद्यपि ग्रामीण क्षेत्रमा शैक्षिक गुणस्तर कायम राख्न विद्यालयहरूले समय व्यवस्थापन प्रभावकारी रूपमा गर्नुपर्ने चुनौती समेत रहेको उनीहरूको भनाइ छ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# किसानलाई सास्ती, तस्करलाई मस्तीः रौतहटका कुखुरापालक किसान आन्दोलित,जिल्ला प्रशासन घेराउ

शु. आ. सम्बाददाता
रौतहट , ३१ बैशाख

भारतबाट हुने अवैध कुखुरा तस्करीका कारण स्वदेशी लगानी धराशयी भएको भन्दै रौतहटका कुखुरापालक किसानहरू आन्दोलित भएका छन्।किसानलाई सास्ती तस्करलाई मस्ती भन्ने मुख्य नाराका साथ बिहीबार जिल्लाको सदरमुकाम गौरमा किसानहरूले उग्र प्रदर्शन गरेका हुन्। जिल्ला कुखुरा व्यवसाय किसान संघको आयोजनामा भएको उक्त विरोध कार्यक्रममा स्थानीय किसानहरूले हात-हातमा जिउँदो कुखुरा बोकेर बजार परिक्रमा गरेका थिए। गौरको घन्टाघरस्थित मुख्य चौकबाट सुरु भएको विरोध रैलीले बजारका विभिन्न भागको परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय पुगेर धर्नामा परिणत भएको थियो। गर्न नसकेको भन्दै स्थानीय प्रशासन र सुरक्षा निकायविरुद्ध चर्को नाराबाजी समेत गरेका थिए।




आन्दोलनमा उत्रिएका किसानहरूले तस्करीको एउटा गम्भीर जालो पर्दाफास गरेका छन्। प्रदर्शनकारीका अनुसारः तस्करहरूले रातको समयमा भारतबाट सस्तो मूल्यमा अवैध रूपमा कुखुरा भित्र्याउने गरेका छन् । त्यस्ता कुखुराहरूलाई सीमावर्ती क्षेत्रका आफ्नै गोदाममा भण्डारण गरिन्छ।
पछि, ती भारतीय कुखुरालाई नेपाली उत्पादन भनी फर्जी बिल बनाएर निर्धक्कसँग बजारमा बिक्री-वितरण गर्ने गरिएको छ।
नेपाली किसानको उत्पादनले उचित मूल्य नपाएको र स्वदेशी लगानी डुब्ने अवस्थामा पुगेको गुनासो उनीहरूले गरेका छन्।
जिल्ला कुखुरा व्यवसाय किसान संघका अध्यक्ष उमाशंकर साहले प्रशासनको कार्यशैलीप्रति कडा आपत्ति जनाएका छन् । अध्यक्ष साहले भन्ने ,हामीले अहिलेसम्म १० पटक जिल्ला प्रशासन कार्यालयलाई ज्ञापनपत्र बुझाइसक्यौँ, तर हाम्रो पीडा कसैले सुनेन। प्रशासनको मौनताले तस्करहरूलाई थप प्रोत्साहन मिलेको छ।
त्यस्तै, संघका सचिव राधेश्याम साहले रौतहट जिल्ला कुखुरा तस्करीको ट्रान्जिट पोइन्ट बनेको दाबी गरे । तस्करीका कारण यहाँका साना किसानहरू निरन्तर मारमा परेका छन्, अब चुप लागेर बस्ने अवस्था छैन, सचिव साहले थपे । रैलीपछि किसानहरूले जिल्ला प्रशासन कार्यालयको गेट अगाडि करिब एक घण्टा धर्ना दिएका थिए। उनीहरूले तत्काल सीमा नाकामा कडाइ गर्न बजार अनुगमनलाई प्रभावकारी बनाउन र स्वदेशी उत्पादनको संरक्षण गर्ने ग्यारेन्टी गर्न माग गरेका छन्।
यदि प्रशासनले अझै पनि तस्करहरूलाई संरक्षण दिने र किसानको मागलाई बेवास्ता गर्ने हो भने, जिल्लाभरका किसानहरू मिलेर थप सशक्त र ठूलो आन्दोलन छेड्ने चेतावनी संघका पदाधिकारीहरूले दिएका छन्।
जिल्ला प्रशासन कार्यालयले भने किसानका मागप्रति आफूहरू सकारात्मक रहेको बताए। प्रशासनका प्रतिनिधिले प्रदर्शनकारीहरूसँग कुरा गर्दै तस्करी नियन्त्रणका लागि सुरक्षा संयन्त्रलाई थप सक्रिय बनाउने र किसानका समस्याबारे गम्भीरतापूर्वक छलफल गरी आवश्यक कदम चाल्ने आश्वासन दिए ।


## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने विषयवस्तु

१. जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति (जग्गाधनी) बुझेर सो जग्गा निजको हकभोगमा छ/छैन प्रष्ट हुनुहोस ।
२. कित्ताको मोठ, श्रेष्ता, जग्गाधनीको फोटो, तीनपुस्ते विवरण भिडे नभिडेको एकिन गर्नुहोस ।
३. जग्गाको प्रकृति (रैकर, गुठी) के हो ? प्रष्ट हुनुहोस ।
४. जग्गामा मोही कायम रहे/नरहेको विवरण फिल्डबुक तथा मालपोतको अभिलेखमा हेरी प्रष्ट हुनुहोस ।
५. कुनै अड्डा / अदालत वा अन्य कुनै कार्यालयले जग्गा रोक्का राखे नराखेको वा जग्गामा विवाद रहे/नरहेको एकिन गर्नुहोस ।
६. किताकाट गरी लिनुपर्दा जमिन तथा नक्सा बमोजिम कुन तर्फ कति क्षेत्रफल लिने हो एकिन गर्नुहोस।
७. जग्गामा गरेको हकभोगको आकार र क्षेत्रफल नक्सा बमोजिम मिल्छ / मिल्दैन एकिन गर्नुहोस।
८. नक्शा, लालपुर्जा र जमिनको क्षेत्रफल मिल्छ / मिल्दैन एकिन गर्नुहोस।
९. जग्गा र नक्शामा प्रष्टरुपमा बाटो रहे/नरहेको बुझ्नुहोस ।
१०. कित्तामा विवाद रहे/नरहेको बुझ्न जमिनमा गई सँधियारबाट बुझ्नुहोस ।
११. नक्सा बमोजिम जमिनमा चारैतर्फ सिमाना एकिन गरी रेखाङ्कन गर्नुहोस।
१२. खरिद गर्न लागिएको जग्गा स्थानीय तहको बर्गीकरण बमोजिम कुन वर्गमा पर्छ एकिन गर्नुहोस ।
१३. घर टहरा वा अन्य स्थायी संरचना जमिनमा भएकोमा सोको स्वामित्व हस्तान्तरण हुने भए लिखतमा खुलाउनुहोस।
१४. अंशियार, हकवाला / मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नु पर्ने अवस्थामा लिखत पारित गर्दा साक्षी राख्नुहोस।
१५. पारित लिखत संशोधन प्रकृया लामो, कानुनी हिसाबले झन्झटिलो हुने हुँदा लिखत पारित हुनु अगावै माथि उल्लेखित कुराहरुमा ध्यान दिई ढुक्क रहनुहोस ।

मालपोत कार्यालय, सिम्रौनगढ बारा


# कलैयामा चोरी आतंक बढ्दो

*शु.आ. सम्बाददाता*
*बारा, ३१ वैशाख*

बारा जिल्लाको कलैया उपमहानगरपालिका-४ स्थित जानकी सिनेमा हल अगाडि पार्किङ गरेर राखिएका दुई वटा ट्रेक्टरबाट गएराति अज्ञात चोर समूहले ब्याट्री चोरी गरेर लगेपछि स्थानीय व्यवसायी तथा सर्वसाधारणमा त्रास बढेको छ । पछिल्लो समय कलैयामा चोरीका घटना लगातार बढ्दै गएपछि सुरक्षा व्यवस्थामाथि समेत गम्भीर प्रश्न उठ्न थालेको छ ।
स्थानीय हार्डवेयर व्यवसायी सन्तोष केशरीका अनुसार जानकी हल अगाडि सडक किनारमा सिमेन्ट लोड गरेर राखिएको ना ३ त ३६९४ र ना ३ त ३७३२ नम्बरका दुईवटा ट्रेक्टरबाट रातिको समयमा ब्याट्री चोरी गरिएको हो । बिहान ट्रेक्टर चालक तथा धनीहरूले सवारी जाँच गर्ने क्रममा ब्याट्री गायब रहेको थाहा पाएपछि घटनाबारे जानकारी भएको बताइएको छ ।




व्यवसायी केशरीले बजारको मुख्य क्षेत्रमै यति सजिलै चोरी हुनु गम्भीर सुरक्षा चुनौती भएको बताएका छन्। उनका अनुसार चोरीमा संलग्न समूहले योजनाबद्ध रूपमा रातिको समय प्रयोग गर्दै सवारीसाधनका पार्टपुर्जा तथा अन्य सामग्री चोरी गर्ने क्रम बढाएको छ ।
स्थानीयवासीहरूले बजार क्षेत्रमा निरन्तर चोरीका घटना भइरहँदा पनि प्रहरी प्रशासन प्रभावकारी रूपमा सक्रिय नदेखिएको गुनासो गरेका छन् । "दिनप्रतिदिन चोरी बढिरहेको छ, तर सुरक्षा निकायको उपस्थिति कमजोर देखिन्छ," एक स्थानीयले भने, "बजारमै राखिएका सवारी सुरक्षित छैनन् भने सर्वसाधारण कसरी ढुक्क भएर बस्ने ?"
कलैयामा यसअघि पनि मोटरसाइकल, साइकल, पसल तथा घरमा चोरीका घटनाहरू हुँदै आएको स्थानीयहरूको भनाइ छ। विशेषगरी रातिको समयमा प्रहरी गस्ती कमजोर हुँदा चोरीका घटना बढेको आरोप स्थानीयले लगाएका छन् ।
व्यापारीहरूले बजार क्षेत्रमा नियमित रात्री गस्ती, सीसीटिभी निगरानी तथा शंकास्पद गतिविधिमाथि कडा निगरानी गर्न माग गरेका छन् । उनीहरूका अनुसार चोरीमा संलग्न समूहलाई तत्काल पहिचान गरी कानुनी कारबाही नगरे बजार क्षेत्रमा असुरक्षा झन् बढ्ने खतरा रहेको छ ।
यता प्रहरीले घटनाबारे अनुसन्धान सुरु गरिएको जनाएको छ । आसपासका क्षेत्रका सीसीटिभी फुटेज संकलन तथा शंकास्पद व्यक्तिहरूको खोजी कार्य भइरहेको प्रहरी स्रोतले जनाएको छ। स्थानीयवासीहरूले शान्ति सुरक्षाको प्रत्याभूति गराउन प्रशासनले केवल औपचारिक अनुसन्धान नभई प्रभावकारी सुरक्षा रणनीति लागू गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

# फतुवा बिजयपुरको पेटभर्वामा निःशुल्क बिरूवा वितरण, ४ सय भन्दा बढी घरपरिवार लाभान्वित

*रुपेश यादव*
*रौतहट, ३१ बैशाख*

रौतहटको फतुवा बिजयपुर नगरपालिका अन्तर्गत वडा नम्बर-६ पेटभर्वामा निःशुल्क बिरुवा वितरण कार्यक्रम सम्पन्न गरिएको छ । बिहीबार आयोजित उक्त कार्यक्रममा डिभिजन वन कार्यालय बाराको सहयोग तथा स्थानीय समाजसेवी सरोज राय यादवको विशेष पहलमा विभिन्न प्रजातिका बिरुवाहरू स्थानीयवासीलाई वितरण गरिएको हो । कार्यक्रम अन्तर्गत बोट बिरुवा , छायाँ दिने तथा काठजन्य बिरुवासहितका विभिन्न प्रजातिका बिरुवाहरू करिब ४ सयभन्दा बढी घरपरिवारलाई उपलब्ध गराइएको आयोजकले जनाएको छ । पछिल्लो समय वनजंगल फँडानी तथा वातावरणीय असन्तुलन बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले बिरुवा वितरण गरिएको समाजसेवी सरोज राय यादवले बताएका छन् ।




उनका अनुसार वातावरण संरक्षण, स्वच्छ हावा, वर्षा प्रणाली सन्तुलन तथा प्राकृतिक सौन्दर्य कायम राख्न बिरुवा रोपण अत्यन्त आवश्यक रहेको छ । "अहिले वनजंगल नष्ट हुँदै गएका छन्, जसका कारण वातावरणीय समस्या दिनप्रतिदिन बढिरहेको छ । प्रत्येक घरमा बिरुवा रोप्ने अभियानले वातावरण संरक्षणमा टेवा पुग्नुका साथै भविष्यमा काठ, दाउराबाट आर्थिक लाभ समेत लिन सकिने उनले बताए । बितरण कार्यक्रममा समाजसेवी रामचन्द्र राय यादवको ठुलो योगदान रहेको समेत बताउनु भयो ।
स्थानीयवासीहरूले पनि यस्ता कार्यक्रमले गाउँघरमा हरियाली बढ्नुका साथै जनचेतना अभिवृद्धि हुने बताएका छन् । विशेषगरी ग्रामीण क्षेत्रमा खाली रहेका जमिनमा बिरुवा रोपेर वातावरण संरक्षणसँगै आर्थिक अवस्था सुधार गर्न सकिने विश्वास व्यक्त गरिएको छ ।
कार्यक्रममा गाउँका समाजसेवी, बुद्धिजीवी युवा, कृषक, स्थानीयवासी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

# बाराका तत्कालीन नासु कुर्मीविरूद्ध अख्तियार सर्वोच्चमा, विशेष अदालतको फैसलाविरूद्ध पुनरावेदन

*शु.आ. सम्बाददाता*
*बारा, ३१ वैशाख*

हुलाक बचत बैंक बारामा बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा मुद्दा खेपिरहेका जिल्ला हुलाक कार्यालय बाराका तत्कालीन नायब सुब्बा (नासु) बलीरामप्रसाद कुर्मीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग सर्वोच्च अदालत पुगेको छ । विशेष अदालतले दिएको आंशिक सफाइको फैसलाप्रति असन्तुष्टि जनाउँदै आयोगले बुधबार सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दर्ता गराएको हो ।




अख्तियारका अनुसार हुलाक बचत बैंक बारामा सर्वसाधारण बचतकर्ताहरूले जम्मा गरेको रकम अनियमित रूपमा हिनामिना गरिएको विषयमा अनुसन्धानपछि कुर्मीसहितका प्रतिवादीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको थियो । आयोगले उक्त प्रकरणमा पाँच करोड ३५ लाख ६४ हजार २७९ रुपैयाँ ३३ पैसा बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा आरोपपत्र पेश गरेको थियो ।
भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर कायम गरी बिगो असुल उपर तथा सजायको मागदाबी गरिएको उक्त मुद्दामा विशेष अदालतले गत २०८२ साल माघ २२ गते आंशिक सफाइ दिने फैसला सुनाएको थियो । अदालतको उक्त निर्णयप्रति असहमति जनाउँदै आयोगले पुनरावेदन प्रक्रियाअन्तर्गत सर्वोच्च अदालतको ढोका ढक्ढक्याएको हो ।
अख्तियारका प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी प्रेस विज्ञप्तिमा विशेष अदालतको फैसला उपर चित्त नबुझेपछि सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको उल्लेख गरिएको छ । आयोगले अदालतबाट पूर्ण न्यायिक परीक्षण तथा आरोपितमाथि कानुनबमोजिम कारबाही हुने अपेक्षा गरेको जनाएको छ ।
हुलाक बचत बैंकसँग सम्बन्धित यो प्रकरण बारा जिल्लामा चर्चित भ्रष्टाचार घटनाका रूपमा हेरिएको छ । सर्वसाधारणको बचत रकम नै हिनामिना भएको आरोप सार्वजनिक

*बाँकी तेश्रो पृष्ठमा*


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका